सुदूरपश्चिम विश्वविद्यालय

# इन्जिनियरिङ संकाय

डीनको कार्यालय, महेन्द्रनगर कञ्चनपुर

**स्नातक तह बी.ई. (सिभिल, कम्प्युटर) र बी.आर्किटेक्चर कार्यक्रममा विद्यार्थी भर्नाका लागि अनलाइन आवेदनको म्याद थप सम्वन्धी सूचना**

**सूचना प्रकाशित मितिः २०८३/०४/१८**

यस इन्जिनियरिङ संकायबाट मिति २०८३/०३/२४ गते प्रकाशित स्नातक तह बी.ई. (सिभिल, कम्प्युटर) र बी.आर्किटेक्चर कार्यक्रमको विद्यार्थी भर्नासम्बन्धी प्रवेश परीक्षा सूचनामा उल्लेख भएबमोजिम अनलाइन आवेदन फाराम भर्ने अन्तिम मिति २०८३/०४/१८ गतेसम्म निर्धारण गरिएकोमा, विद्यार्थीहरूको सुविधालाई दृष्टिगत गरी उक्त मिति एक (१) दिन थप गरी २०८३/०४/१९ गतेसम्म कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। पूर्व प्रकाशित सूचनाका अन्य सम्पूर्ण व्यवस्था यथावत् रहनेछन्।

इन्जिनियरिङ संकाय प्रवेश परीक्षा समिति

CamScanner

सुदूरपश्चिम विश्वविद्यालय

# इन्जिनियरिङ्ग संकाय

डीनको कार्यालय, महेन्द्रनगर कञ्चनपुर

**स्नातक तह बी.ई. (सिभिल, कम्प्युटर) र बी.आर्किटेक्चर कार्यक्रममा बिद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्बन्धि सूचना ।**

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/२४

सुदूरपश्चिम विश्वविद्यालय, इन्जिनियरिङ्ग संकाय अन्तर्गतको स्कूल अफ इन्जिनियरिङ्ग तथा सम्बन्धन प्राप्त कलेजहरुमा प्रदान गरिने छात्रबृति कोटाका लागि शैक्षिक सत्र २०८३/०८४ मा स्नातक तहका कार्यक्रमहरुमा नयाँ बिद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सञ्चालन गरिने भएकोले भर्ना हुन चाहने ईच्छुक बिद्यार्थीहरुवाट अनलाईन माध्यमवाट आवेदन माग गरिएको छ ।

**१) सीट संख्या**

१.१) स्कूल अफ इन्जिनियरिङ्ग महेन्द्रनगर कञ्चनपुर

बी.ई. सिभिल इन्जिनियरिङ्ग कार्यक्रम ४८ जना(छात्रबृति तर्फ-२४, पूर्ण शुल्क तर्फ-२४)

बी.ई. कम्प्युटर इन्जिनियरिङ्ग कार्यक्रम ४८ जना(छात्रबृति तर्फ-२४, पूर्ण शुल्क तर्फ-२४)

बी. आर्किटेक्चर कार्यक्रम ४८ जना(छात्रबृति तर्फ-२४, पूर्ण शुल्क तर्फ-२४)

१.२) सम्बन्धन प्राप्त कलेजका लागि प्रत्येक कलेजमा बी.ई. सिभिल इन्जिनियरिङ्ग कार्यक्रममा छात्रबृति तर्फ-०५ जना

**२) आवेदनका लागि न्युनतम योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिकशास्त्र, रसायनशास्त्र तथा गणित विषय लिई राष्ट्रिय परीक्षा बोर्डको माध्यमिक तह वा इन्जिनियरिङ्ग डिप्लोमा वा सो सरहको परीक्षामा कूल पुर्णाङ्कको कम्तीमा ४५% तथा Letter Grading प्रणालीमा भए CGPA/GPA 2(In Scale of 4) प्राप्त गरेको हुनुपर्ने । भौतिकशास्त्र, रसायनशास्त्र र गणित प्रत्येक विषयमा कम्तीमा ४५% तथा Letter Grading प्रणालीमा भए न्यूनतम C ग्रेड वा A Level भएमा उपरोक्त विषयहरुमा न्युनतम D ग्रेड हुनुपर्ने, साथै अन्य विषयको हकमा न्युनतम C ग्रेड (वा A Level भएमा उपरोक्त विषयहरुमा न्युनतम D ग्रेड) नभएता पनि उत्तीर्ण भएका बिद्यार्थीहरुले रीतपुर्वक आवेदन दिई प्रवेश परीक्षामा सहभागी हुन पाउनेछन । कक्षा १२ वा सो सरहको अन्तिम परीक्षामा सम्मिलित भएका वा इन्जिनियरिङ्ग डिप्लोमाको छैठौ सेमेष्टरको परीक्षामा सम्मिलित भएका बिद्यार्थीहरुले समेत रीतपुर्वक आवेदन दिई प्रवेश परीक्षामा सहभागी हुन पाउनेछन ।

**३) आवेदन फाराम भर्ने बिधि तथा आवश्यक कागजातहरु**

३.१ स्कूल अफ इन्जिनियरिङ्ग महेन्द्रनगरमा बिद्यार्थी भर्ना तथा सम्बन्धन प्राप्त कलेजहरुमा प्रदान गरिने छात्रबृति कोटाका लागि सुदूरपश्चिम विश्वविद्यालय वा इन्जिनियरिङ्ग संकायको वेबसाईट *www.fwu.edu.np* वा *www.facultyengineering.fwu.edu.np* मा Engineering Admission Open मा लगईन गरी आवेदन फाराम भरी सोही वेवसाईट मार्फत Submit गर्नु पर्नेछ ।

३.२ वेबसाईटमा Online Form मिति २०८३/०३/२४ देखि २०८३/०४/१८ गते सम्म उपलब्ध हुनेछ । तोकिएको अवधि भित्र फाराम भरी Submit गरि सक्नु पर्नेछ ।

३.३ अनलाईन फाराम भर्दा अपलोड गर्नुपर्ने कागजातहरु

- आवेदकले फाराम भर्दा आफ्नो व्यक्तिगत विवरण(आमा-बुवाको नाम, फोन नम्बर,स्थाई ठेगाना) र नेपाल सरकार वाट जारी फोटो सहितको पहिचान खुल्ने प्रमाणपत्र नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचय पत्र अनिवार्य अपलोड गर्नुपर्नेछ ।
- हालसालै खिचिएको पासपोर्ट साईजको पूर्ण निधार देखिने Plain Background भएको रङ्गिन फोटो अपलोड गर्नु पर्नेछ ।
- SEE वा सो सरह र NEB वा सो सरहको शैक्षिक प्रमाणपत्रहरुको Scanned Copy अपलोड गर्नु पर्नेछ ।
- स्कूल तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा समावेशी तर्फको छात्रबृतिमा आवेदन गर्ने परीक्षार्थीहरुले सम्बन्धित समूहको प्रमाणित आवश्यक कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- **FWU Faculty of Engineering** को नेपाल बैक लिमिटेड महेन्द्रनगर शाखामा रहेको चल्ति हि.न. **१५६००१०७२६९१६९००००१ मा प्रवेश परीक्षा शुल्क रु २५००।** (अक्षरेपी दुई हजार पाँच सय मात्र) जम्मा गरेको सक्कल बैक भौचर वा बिधुतीय माध्यम प्रयोग गर्दा प्राप्त Transaction ID Number को Screenshot अनिवार्य रुपमा अपलोड गर्नु पर्नेछ। (नोट: प्रवेश परीक्षा वापत बुझाइएको रकम फिर्ता हुने छैन)

**४. प्रवेश परीक्षा हुने स्थान र मिति**

मिति: २०८३/०४/२१ गते बिहान ११ बजे देखि

स्थान: स्कूल अफ इन्जिनियरिङ्ग महेन्द्रनगर कञ्चनपुर

**५. प्रवेश पत्र वितरण**

प्रवेश परीक्षाके दिन स्कूल अफ इन्जिनियरिङ्ग महेन्द्रनगर कञ्चनपुरमा बिहान ८:०० बजे देखि १०:०० बजे सम्म वितरण गरिनेछ । बिद्यार्थीले प्रवेशपत्र लिन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ ।

(स्कूल अफ इन्जिनियरिङ्ग महेन्द्रनगर कञ्चनपुरमा कक्षा सञ्चालन दिवा सत्र(Day shift) को समयमा हुनेछ ।)

**६. सम्बन्धन प्राप्त कलेजहरुमा सुदूरपश्चिम विश्वविद्यालय वाट प्रदान गरिने छात्रबृति बाहेकको भर्नाका लागि प्रवेश परीक्षा फाराम सम्बन्धित कलेजहरुले व्यवस्थापन गर्ने गरी आवेदन फाराम देहाय बमोजिम खुल्ला गरिएको छ ।**

- प्रवेश परीक्षा फाराम वितरण मिति: २०८३/०३/२४ गते देखि २०८३/०४/२६ गते सम्म
- प्रवेश परीक्षा शुल्क: रु २५००।-(अक्षरेपी दुई हजार पाँच सय मात्र)
- प्रवेश परीक्षा मिति र समय: २०८३/०४/२८ गते बिहान ११:०० बजे
- स्थान: सम्बन्धित सम्बन्धन प्राप्त कलेज

**थप जानकारीका लागि स्कूल अफ इन्जिनियरिङ्ग महेन्द्रनगरको फोन नं. ०९९-५२०२९६ वा इन्जिनियरिङ्ग संकायको** Website: www.facultyengineering.fwu.edu.np **वाट प्राप्त गर्न सकिनेछ ।**